# आर्थिक सहायता प्रदान गर्ने सम्बन्धी सामान्य मापदण्ड, २०७५

इटहरी उपमहानगरपालिका

इटहरी उपमहानगरपालिका

नगर कार्यपालिकाको कार्यालय

इटहरी, सुनसरी

# इटहरी उपमहानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## इटहरी, सुनसरी

### आर्थिक सहायता प्रदान गर्ने सम्बन्धी सामान्य मापदण्ड, २०७५

इटहरी उपमहानगरपालिका भित्र बसोवास गर्ने देहायका व्यक्तिहरुलाई सम्बन्धित व्यक्तिको निवेदन, निजको नागरिकताको प्रतिलिपि तथा वडा कार्यालयको स्पस्ट किटानी सिफारिसको आधारमा वढीमा रु ३,०००। (तीन हजार रुपैंया) सम्म नगर प्रमुखको लिखित आदेशमा प्रमुख प्रशासकीय अधिकृतले सहायता रकम उपलब्ध गराउनेछ । तर देहाय (ङ) मा उल्लेखित बेखर्ची व्यक्तिहरुको हकमाइटहरी उपमहानगरपालिका भित्र स्थायी बसोवास नभएको भएपनि आर्थिक सहायता उपलव्ध गराउन सकिनेछ :

**अ. सामान्य आर्थिक सहयोग**

क) आर्थिक अवस्था कमजोर भएका र संरक्षक नभएका अशक्त विरामी,

ख) आर्थिक अवस्था कमजोर भएका र संरक्षक नभएका अपाङ्गता भएका व्यक्तिहरु,

ग) आर्थिक अवस्था कमजोर भएका र संरक्षक नभएका वृद्ध वृद्धा,

घ) अति विपन्न व्यक्तिहरु

ङ) बेखर्ची व्यक्तिहरु

च) प्राकृतिक प्रकोप ( भुकम्प, बाढी, पहिरो, आगजनी, हावाहुरी, शितलहर जस्ता)तथा बिपत्तिमा परेका व्यक्तिहरु ।

**आ. विशेष आर्थिक सहायता**

इटहरी उपमहानगरपालिका क्षेत्रभित्र वसोवास गर्ने देहायका व्यक्तिहरुलाईसम्बन्धित ब्यक्ति वा संरक्षकको निवेदन र निजको नागरिकताको प्रतिलिपि, सम्बन्धित वडा कार्यालयको स्पस्ट किटानी सिफारिस, मेडिकल वोर्ड वा क्षेत्रीयस्तरको अस्पताल वा स्वास्थ्य कार्यालयको सिफारिसका आधारमा वढीमा रु १०,०००। (दश हजार रुपैंया) सम्म नगरप्रमुखको लिखित आदेशमा प्रमुख प्रशासकीय अधिकृतले सहायता रकम उपलब्ध गराउनेछ :

क) कडा रोग लागि अपरेशन गर्नुपर्ने आर्थिक अवस्था कमजोर भएका व्यक्तिहरु,

ख) शरिरको कुनै अङ्ग फेर्नुपर्ने आर्थिक अवस्था कमजोर भएका व्यक्तिहरु,

ग) कडा रोग लागि उपचारको लागि धेरै खर्च लाग्ने आर्थिक अवस्था कमजोर भएका व्यक्तिहरु,

तर, निसन्तान वा सन्तान भएपनि सन्तानद्वारा परित्यक्त वृद्धाश्रममा बसेका दीर्घरोग लागि नियमित औषधी सेवन गर्नुपर्ने वृद्ध वृद्धाहरु तथाबाल संरक्षण गृहमा रहेका दीर्घरोग लागि नियमित औषधी सेवन गर्नुपर्ने वालवालिकाहरुको हकमा व्यहोरा प्रमाणित हुने गरी सम्वन्धित संस्था र वडा कार्यालयको सिफारिसका आधारमा वढीमा रु. ७,०००। (सात हजार रुपैंया) सम्म नगरप्रमुखको लिखित आदेशमा प्रमुख प्रशासकीय अधिकृतले सहायता रकम उपलब्ध गराउनेछ ।